## गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष ०७८/०७९ को बजेटको साराशं

**बजेटको सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरुः-**

**(क) सोच** : "सुखी, समृद्ध र उत्थानशील स्थानीय सरकार गुल्मीदरबार"

**(ख) लक्ष्य:** "सुशासन, स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार निर्माणको क्षेत्रमा समुचित विकास गरी गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने"

**(ग) उद्देश्यहरु :**

- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,
- नागरिकको स्वास्थ्यलाई प्राथमिकता दिने,
- कृषि तथा पशुपालनमा अनुदान दिई उत्पादन वृद्धि गरी कृषिमा आत्मनिर्भर हुने
- गाउँपालिकामा पूर्वाधारहरु निर्माण गरी नागरिकलाई विकासको अनुभूत गराउने,
- शिक्षामा सबै बालबालिकाको समाज पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,
- एक घर एक धारा अभियान संचालन गरी खानेपानीका आयोजनाहरु संचालन गर्ने र सरसफाईमा नागरिकको सहज पहुँच पुर्याउने,
- गाउँपालिकालाई खरका छानामुक्त बनाउने,
- जनतालाई केन्द्रमा राखी चुस्त दुरुस्त र प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाह गर्ने,
- स्वरोजगार र रोजगारी वृद्धि गर्ने,
- गाउँपालिकाको आर्थिक,भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सुखी र समृद्ध
- नागरिकलाई स्थानीय सरकारको अनुभूत गराउने,
- लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्ने,
- गाउँपालिकामा पूर्वाधारहरुको निर्माण गर्ने,
- राजश्व संकलनमा पारदर्शीता कायम गर्दै राजस्व चुहावटलाई निर्मूल गर्ने,
- सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने,

**(घ) अपेक्षित उपलब्धिहरु :**

- नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरी विपद् व्यवस्थापन र कोभिड संक्रमण रोकथाम तथा नियन्त्रण गरिने,

- सडक निर्माण गुरुयोजना निर्माण गरी स्पष्ट योजना मार्फत २ वर्ष भित्र सबै वस्ती सडक सञ्जालबाट जोड्ने र गाउँपालिकाका सडकहरुको स्तरोन्तती गरिने
- सबै वडा कार्यालयको प्रशासनकीय भवन निर्माण गरी नागरिकले अनुभुत हुने गरी सेवा प्रवाह गरिने छ ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाउने ।
- गाउँपालिकाभित्रका प्रत्येक नागरिकलाई सूचनाको हकको प्रत्याभूती दिलाउन गाउँपालिकाको समग्र गतिविधि समावेश गरी E-bulletin प्रकाशन गरिने र जनउत्तरदायी स्थानीय सरकारको अनुभूत गराउन **जनतासँग गाउँपालिका** रेडियो कार्यक्रम संचालन गरिने ।
- स्थानीय सरकारको जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, वेभसाईट, सामाजिक सञ्जाल, मोवाइल एप्स एसएमएस मार्फत सूचना प्रवाहमा जोड दिइनेछ ।
- कर्मचारीको स्पष्ट कार्यविवरण तोकी जिम्मेवार बनाई जनउत्तरदायी र पारदर्शीता कायम हुनेछ ।
- गाउँपालिका मार्फत भवन निर्माण कार्यविधि निर्माण गरी नक्सा पास गरेर मात्र भवन निर्माण कार्य अघि वढाइनेछ ।
- सामाजिक समावेशीकरणको नीति लागु गरिनेछ ।
- प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसँग र शाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृतसँग विभिन्न सूचकहरुको आधारमा कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीको मूल्याङ्कन गरिने ।
- गाउँपालिकामा सुशासन कायम गर्दै नागरिक मैत्री प्रभावकारी सेवा प्रवाहको लागि कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।
- राजस्व संकलनलाई पारदर्शीता कायम गर्न अनलाईन मार्पत राजस्व संकलन गरी आफूले तिरेको करको विवरण नागरिकको मोबाईलमा एसएमएस मार्फत जानकारी दिने व्यवस्था मिलाई संकलित राजस्वको विस्तृत विवरण हरेक १–१ महिनामा सार्वजनिक गरिनेछ ।

- सार्वजनिक खर्चको अनुगमन र नागरिक सन्तुष्टी सर्भेक्षण जस्ता स्थानीय सरकारलाई जवाफदेही बनाउन अपनाइने विश्वव्यापी लोकतान्त्रिक विधिहरुलाई अनिवार्य रुपमा अवलम्वन गरिनेछ ।
- जनताको जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाई संयन्त्र सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गरी कृषि र पशुपालनमा आत्मनिर्भर बनाईनेछ ।
- कृषि उत्पादन वृद्धिको लागि कृषकलाई अनुदान दिईनेछ ।
- खेतीयोग्य जग्गामा बाली नाली र खेती अयोग्य तथा उत्पादन न्यून हुने जग्गामा पशुपालन सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । भूमि बैंक मार्फत बाँझो जग्गालाई उपभोग गरिनेछ ।
- संघीय तथा प्रदेश सरकार, दातृ संस्था, गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा आयमूलक र सिपमुलक र स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षा दिने विद्यालयको सूचकहरु निर्माण गरि त्यसको लागि अभिभावकको संलग्नता, शिक्षकको क्षमता विकास, शैक्षिक सामाग्रीको पर्याप्तता र प्रयोगमा सहयोग, सहजीकरण र नियमन गरिनेछ ।
- सिकाई सक्षमता वृद्धिको लागि गाउँपालिकाले विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसँग उपलब्धिमा आधारित करार संझौता गर्ने, र प्रधानाध्यपाकले सम्बन्धीत कक्षा र विषय शिक्षकसँग करार सम्झौता गरि उपलब्धीमा आधारित अनुगमन तथा मूल्यांकन गर्दै गुणस्तरीय शिक्षा प्रदानमा प्रोत्साहित गरिनेछ ।
- मातृ तथा शिशु मृत्यूदर घटाउन, संस्थागत प्रसुतीलाई प्रोत्साहन गर्न, सरसफाई,पोषण र परिवार नियोजनको कार्यक्रमलाई एकीकृत रुपमा संचालन गर्नको लागि कस्तो छ आमा कार्यक्रम संचालन गरिनेछ ।
- नागरिकको सुलभ स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउन स्वास्थ्य संस्थामा पूर्वाधार निर्माण पर्याप्त निशुल्क औषधीको प्रबन्ध गर्दै स्वास्थ्य उपचारको लागि सहज पहुँच पुऱ्याउन नयाँ एम्बुलेन्स खरिद गरिनेछ ।
- नगर प्रहरी परिचालन गरि सार्वजनिक सम्पत्तिको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड र कानूनको कार्यान्वयन गरिनेछ ।

**(ङ) बजेटका मुख्य प्राथमिकताहरु**

- कृषि तथा पशुपालन
- खानेपानी तथा सरसफाई
- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण र विपद् व्यवस्थापन
- गुणस्तरीय स्वास्थ्य सेवा
- सडकस्तरोन्ती
- क्रमागत रुपमा संचालनमा रहेका आयोजनाहरुको निर्माणकार्य पुरा गर्ने,
- रोजगारी र स्वरोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशिल बनाउने,
- पूर्वाधार निर्माण र पर्यटन विकास
- सामाजिक समावेशीकरण
- गाउँपालिकाबाट गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने

४. **वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुः—**

(क) **समग्र नीति तथा आधारहरु :** राज्यका निर्देशक सिद्धान्त, मौलिक हक, सङ्घीयता कार्यान्वयन, गरीवी न्यूनिकरण, आर्थिक तथा वित्तीय आत्मनिर्भरता, दिगो विकास लक्ष्य आदि ।

(ख) **क्षेत्रगत नीति तथा आधारहरु :**

(१) **आर्थिक क्षेत्र :** उत्पादन, रोजगारी, व्यवसाय प्रवर्द्धन, सहकारिता विकास, गरिवी हटाउने

(२) **सामाजिक विकास :** गुणस्तरीय शिक्षा, शिक्षामा सवैको पहुँच, समावेशी विकास, भेदभाव तथा छुवाछुतरहित समाज, स्वास्थ्य सेवामा सबैको पहुँच, सवैका लागि खानेपानी, तथा सरसफाई, महिला, बाल तथा अपाङ्गमैत्री सेवा आदि ।

(३) **पूर्वाधार क्षेत्र :** यातायात पहुँच, उत्पादन वृद्धि उन्मुख, वातावरण मैत्री, सेवा प्रवाहमा सरलताका लागि कार्यालयका भवनहरु, बजार, आवासविहिनका लागि आवास योजना, दिगो पूर्वाधार उपयोग, उर्जा, विद्युत्, सञ्चार र सूचनामा पहुँच ।

(४) **वन वातावरण तथा विपद व्यवस्थापन :** वन, जैविक विविधता संरक्षण, वातावरणमैत्री विकास तथा शासन, जलवायू परिवर्तन अनुकूलन, प्रकोप नक्साङ्कन तथा विपद व्यवस्थापन आयोजना, वाढी पहिरो नियन्त्रण आदि ।

(५) **संस्थागत विकास, सेवा प्रवाह र सुशासन :** कानून निर्माण, सङ्गठन व्यवस्थापन, दरवन्दी तथा पदपूर्ति, पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विद्युतीय शुसासन, पारदर्शिता, सञ्चार माध्यमको उपयोग, सेवामा नागरिकहरुको पहुँच, वित्तीय व्यवस्थापन तथा लेखा परिक्षण ।

## गाउँपालिकाले चालु आर्थिक वर्षमा सम्पादन गरेका मुख्य उपलब्धीहरु

### भौतिक उपलब्धी

१. गुल्मीदरबार गाउँपालिकाको सबै वडा कार्यालयको स्थापना गरिएको छ ।

२. गुल्मीदरबार गाउँपालिकाका आफ्नै भवन नभएका वडा कार्यालयहरु आ.व. ०७८/०७९ मा निर्माण गर्ने व्यवस्था मिलाईएको छ ।

३. स्वास्थ्य सेवा प्रदान गर्न सबै वडामा आधुनिक स्वास्थ्य चौकि निर्माण गर्ने नीति अनुरुप वडा नं. ४ बाहेक सबै वडामा स्वास्थ्य चौकि निर्माण भैसकेको छन । वडा नं. ४ मा आ.व. ०७८/०७९ मा भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

४. गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माणको लागि ठेक्का भई सम्झौतको प्रक्रियामा रहेको छ।

५. गाउँपालिकाको सबै वडा र टोल वस्तिहरुमा मोटरबाटो विस्तार गर्ने कार्य भएको ।

६. गाउँपालिकाका विभिन्न विद्यालय भवन निर्माणका कार्यहरु भईरहेका छन् ।

७. गाउँपालिका भित्र ठूला खानेपानी योजना अन्तर्गत खहरे खानेपानी तथा अमर अर्वाथोक लिफ्ट खानेपानी योजना सम्पन्न भई एक घर एक धारा कार्यान्वन भएको, अर्वाङ्गदि गैरा लिफ्ट खानेपानी, भलायचौर लिफ्ट खानेपानी, बठवाखोला लिफ्ट खानेपानी, बोटेपुच्छार सुपले घाट लिफ्ट खानेपानी, झाक्रेपानी लिफ्ट खानेपानी, नुनथला लिफ्ट खानेपानी र खोरिया खोल्सी लिफ्ट खानेपानी यस चालु आ.व. मा सम्पन्न हुने गरि कार्य अघि बढेको छ ।

८. खर्ज्याङ्ग बाखे बन्द्रखुट्टा वीरबास सिस्ने जुभुङ्ग मोटरबाटो स्तरोन्नती बनाउने कार्य चालु आ.व. मा संचालन गरिएको छ ।

९. खर्ज्याङ्ग दरबार घुम्टी गौडाकोट जुभुङ्ग मजुवा सडकको स्तरन्नती तथा कालोपत्रे गर्ने कार्य भइरहेको छ।
१०. गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण भई संचालनमा आएको ।
११. एक वडा एक खेलमैदान अभियान अन्तर्गत खेलमैदान निर्माण कार्य अगाडी बढाइएको ।
१२. गुल्मीदरबार गाउँपालिका र अर्घाखाँचीको छत्रदेव गाउँपालिका जोड्ने निसानटारीमा ट्रस्ट बृज निर्माण सम्पन्न भएको।
१३. चारपाला दरबार, रेसुङ्गा तपोभुमि, भुवाने पार्क, उजेला देवि मन्दिर लगायतका विभिन्न मठमन्दिरहरु निर्माण, मर्मत सम्भार र सौन्दर्यीकरण गरि पर्यटन पूर्वाधार निर्माण गरिएको ।
१४. नागरिकहरुको सुरक्षित आवासको लागि खरका छाना मुक्त गाउँपालिका बनाउने कार्य अन्तिम चरणमा पुगेको ।
१५. राहत उद्धार कार्यलाई सहज बनाउनको लागि वडा वडामा हेलिप्याड निर्माण कार्य अगाडी बढाइएको ।
१६. गाउँपालिकाको मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिएको ।

**आर्थिक तथा सामाजिक उपलब्धी**

१. साना कृषि विकास कार्यक्रम अन्तर्गत बाख्रा पकेट कार्यक्रम वडा नं.६ मा संचालन गरिएको ।
२. गाई भैंसी पालक कृषकहरुका गाई भैंसी बीज वृद्धिको लागि नि:शुल्क रुपमा AI को व्यवस्था मिलाइएको।
३. वडा नं. १,२,४ र ५ मा बङ्गुर पालन कार्यक्रम संचालन गरिएको ।
४. वडा नं. २ मा बाख्रा पालन र वडा नं. ६ मा भैंसीपाल सम्बन्धी कृषक पाठशाला संचालन गरिएको ।
५. कृषकहरुको समस्या पहिचान गर्दै आवश्यक परामर्श प्रदान गर्न कृषकसँग पशु प्राविधिक कार्यक्रम संचालन गरिएको ।
६. गाउँपालिकामा उत्पादन अर्गानिक कृषि उपचहरुलाई खरिद गरी अर्गानीक खानेकुरालाई वढवा दिनको लागि वडा नं. ६ मा एग्रो टुरिजम कार्यक्रम संचालन गरिएको ।

७. साना कृषि पकेट विकास कार्यक्रम अन्तर्गत खाद्यनबाली कार्यक्रम वडा नं. ६ मा तरकारी तथा आलु खेती कार्यक्रम वडा नं. ३ मा गरि २ वटा कृषि पकेट विकास कार्यक्रम संचालन गरिएको।

८. वडा नं. १ को शिवपुरी, टारी, बुढिचौर र मालिगाउँ र वडा नं. २ को घोराहा फाँटमा स्मार्ट कृषि कार्यक्रम संचालन गरिएको ।

९. सुधारीएको गरा सहितको चक्कला बन्दी कार्यक्रम वडा नं. ४ को गरमटारीमा संचालन गर्न आवश्यक समन्वय गरिएको ।

१०. वडा नं. १ मा बोटेगाउँ र कुमाल गाउँ, वडा नं. ३ को निदुर र वडा नं. ४ को पल्लो वीरवासमा नमुनाको रुपमा एक घर एक करेसाबारी कार्यक्रम संचालन गरिएको ।

११. वडा नं. २, ४ र ५ मा एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत तरकारी खेती कार्यक्रम संचालन गरिएको ।

१२. मह उत्पादनमा आत्मनिर्भर बन्न वडा नं. १, ३, ४ र ७ मा मौरी विकास कार्यक्रम संचालन गरिएको ।

१३. विदेशबाट फर्केका युवाहरुलाई प्रोत्साहन गर्न सबै वडामा कोभिड कृषि कार्यक्रम संचालन गरिएको।

१४. गाउँपालिका भित्र रहेको बाँझो खेती योग्य जग्गा उपयोगको लागि भूमि बैंकको स्थापना गरि बाँझो जग्गाको उपयोगको कार्य अगाडी बढाइएको ।

१५. गाउँपालिका भित्र उत्पादित विभिन्न कृषि उपजहरु, हस्तकलाका सामाग्रीहरु, विभिन्न रैथाने कृषि बालीहरुको संकलन तथा बिक्री वितरणको लागि कोशेली घर व्यवस्थापनको लागि प्रक्रिया अगाडी बढाईएको ।

१६. गाउँपालिकाको मुख्य बालीको रुपमा मकै, धान, गहुँ, कोदो रहेको छ।

१७. गरीबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरुको आयआर्जन वृद्धि गर्नको लागि वडा नं. २, ५, ६ र ७ मा गरिवी निवारणको लागि उद्यम विकास कार्यक्रम संचालन गरिएको ।

१८. गरिव पहिचान गरि गरिब परिचयपत्र वितरण गर्नको लागि तथ्याङ्क संकलनको काम भई रहेको।

१९. नागरिकले अनुभूत गर्ने गरी स्वास्थ्य सेवा प्रवाहको प्रबन्ध गरिएको ।

२०. जेष्ठ नागरिक सम्मान तथा अन्तक्रिया कार्यक्रम अन्तर्गत सबै वडाको टोल स्तरमा गई ८७ वर्ष भन्दा माथिका जेष्ठ नागरिकसँग अन्तक्रिया गर्नुको साथै फाइवर सिरक र रेडियो उपहार प्रदान गरी सम्मान गरिएको ।

२१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तर्गत कानुनी तथा चेतनामूलक कार्यक्रम संचालन गरिएको।

२२. महिला समूह तथा संस्थामा आवद्ध भएका महिलालाई समूह तथा सहकारी संस्था संचालन, घरेलु तथा लैङ्गिक हिंसा, नेतृत्व तथा संचार सिप, प्रजनन् स्वास्थ्य, ग्रामीण व्यवसाय, महिला सशक्तीकरण लगायतका विषयमा अनुशिक्षण तालिम सबै वडामा संचालन गरिएको।

२३. टोलटोलमा प्राथमिक उपचार कार्यक्रम को पहुच पुऱ्याउन महिला स्वास्थ्य स्वयमसेवीकाहरु र स्वास्थ्य शिक्षकहरुलाई **प्राथमिक उपचार कार्यक्रम** सम्वन्धी तालिम संचालन गरि प्राथमिक उपचार सामाग्रिसहितको किट बक्स प्रदान गरिएको।

२४. सुरक्षित प्रसुति सेवा प्रवाहको लागि थप ४ वटा स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर संचालन गरिएको।

२५. किसोरावस्थामा हुन सक्ने शारीरिक मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरुको लागि साथी शिक्षा कार्यक्रम संचालन गरिएको।

२६. गर्भवती महिला र नवजातशिशुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै गाउपालिकाको कोशेली बितरण, सुरक्षीत प्रसुती सुत्केरी तथा नवशिशु भेट, स्वास्थ्य परिक्षण साथै बच्चाको तौल अनुगमनको साथै पोषणको लागि अण्डा बितरण, परिवार नियोजन, सरसफाई जस्ता कार्यक्रमलाइ एकितृत गरि **कस्तो छ आमा** कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिएको।

२७. **दिर्घ रोगीका लागि निशुल्क औषधिउपचार कार्यक्रम** प्रभावकारी रुपमा संचालन गरिएको ।

२८. ८४ बर्ष उमेर पुगेका जेष्ठनागरिकहरुको **घरघरमै स्वास्थ्यकर्मी परिचालन गरि स्वास्थ्य परिक्षण तथा उपचार** कार्यक्रम संचालन गरिएको।

२९. कोभिड संक्रमित र कोभिडका संकास्पद बिरामीहरुको स्वास्थ्य परिक्षण तथा उपचारको लागि स्वास्थ्य संस्था सम्म जान आउन २ वटा एम्वुलेन्स र एउटा जिप गरि ३ वटा सवारी साधन नि:शुल्क उपलब्ध गराइएको।

३०. कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रम तयार गरी कक्षा १ को **हाम्रो गुल्मीदरबार** नामक पाठ्यपुस्तक तयार गरिएको।

३१. कोभिडको कारणले गर्दा अवरुद्ध भएको शैक्षिक क्रियाकलापलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिइएको।

**बातावरणीय उपलब्धी**

१. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरणको कायम राख्नको लागि वन संरक्षण र वृक्षारोपणको कार्य गरिएको।
२. गाउँपालिकामा ठुला योजनाहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाईएको।
३. प्रत्येक वडामा खानेपानी मुहान संरक्षणको लागि पुनर्भरण पोखरीहरु निर्माण अभियान संचालन गरिएको ।
४. पर्यावरणीय सौन्दर्यता तथा वातावरणीय संरक्षणका लागि १२ जातका गुरासका विरुवाहरु भुवाने पार्क वरीपरि क्षेत्रमा वृक्षारोपण गरिएको ।
५. फोहोरमैला व्यवस्थापनको लागि घर घरमा कम्पोष्टमल उत्पादन गर्ने कार्य संचालन गरिएको ।

**संस्थागत उपलब्धी**

१. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु सम्बन्धित वडाहरुमा संचालन भई नियमित रुपमा सेवा प्रवाह गरिरहेको ।
२. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिकहरु समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पार्टी, डिजिटल नागरिक वडापत्र सामाजिक संजाल, वेवसाइट मा सार्वजनिक गर्ने गरिएको ।
३. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउँदै नागरिकको सहायताको लागि नागरिक सहायत कक्ष स्थापना, चुस्त दुरुस्त र गुणस्तरयुक्त सेवा प्रवाहको लागि कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरी सुशासन कायम गर्न सफल भएको ।
४. गाउँपालिकाको समग्र गतिविधिहरु समावेश गरी सबै नागरिकलाई सूचनाको पहुँच कायम गर्न मासिक रुपमा E-bulletin प्रकाशन गरिएको ।

५. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु नागरिकलाई सूसुचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न **जनतासँग गाउँपालिका** रेडियो कार्यक्रम संचालन गरिएको ।

६. गाउँपालिकाको महत्वपूर्ण सूचनाहरु नागरिकको घरघरमा पुऱ्याउनको लागि SMS मार्फत सूचना प्रवाह गर्ने गरिएको ।

७. गाउँपालिकामा विभिन्न अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यालयबाट तथा घुम्तिसेवा मार्फत अपाङ्ग परिचय पत्र वितरण गरी गाउँपालिकाको तर्फबाट प्रदान गरिने सेवा सुविधामा पहुँच सुनिश्चित गरिएको छ ।

८. गाउँपालिकामा महिलाको नेतृत्ववमा रहेका विभिन्न संघ संस्थाहरुमा क्रियाशिल महिलाहरुलाई विभिन्न विषयमा प्रशिक्षण गरी महिला शसक्तिकरणको कार्यक्रम संचालन गरिएको ।

९. गाउँपालिकामा रहेका वेरोजगारहरुको सूची EMIS Entry गरी जम्मा यस आ.व. मा २०५ जनालाई रोजगारी दिईएको ।

१०. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको WASH Plan को लागि आवश्यक तथ्याङ्क संकलन भई प्रोफाईल बनाउने कार्य गरिएको ।

११. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजस्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाईएको जसले राजश्व संकलनमा पारदर्शीता कायम गरी दैनिक राजश्वको अभिलेखिकरण गर्ने कार्य भएको ।

१२. गाउँपालिकाकालाई आवश्यक पर्ने जनशक्तिको पदपूर्ति भई सकेको र केही रिक्त रहेको पदमा पदपूर्ति हुने व्ववस्था मिलाइएको ।

१३. राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राखि सेवा प्रवाहलाई छिटो छरितो र सेवाग्राही मैत्री बनाउने उद्देश्यले कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिएको ।

१४. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुबाट भएका कार्यहरुको मासिक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाइएको ।

१५. गाउँपालिकाको प्रत्येक वडामा स्वास्थ्य चौकीहरुका भवन निर्माण कार्य अन्तिम चरणमा रहेको।

१६. कोभिड महामारिको संक्रमण रोकथाम नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाई गाउँपालिकामा अक्सिजन सहित १० शैयाको कोभिड अस्पताल संचालन गरि नागरिकको उपचार गर्ने व्यवस्था मिलाइएको।

१७. विपद् पूर्व तयारीको लागि आवश्यक पर्ने विभिन्न न्यूनतम विपद् सामग्रीहरुको जोहो गरिएको ।

१८. प्रविधिमैत्री कार्यालय संचालन गर्न सफल भएको ।

**अब म आगामी आर्थिक वर्षको आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

**आम्दानी आय तर्फ**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | **संघीय सरकार तर्फ** | |
| १ | वित्तिय समानीकरण अनुदान | ९ करोड ९६ लाख |
| २ | संघीय सरकारको सर्शत अनुदान | २० करोड |
| ३ | संघीय सरकारको विशेष अनुदान | २ करोड ९१ लाख |
| ४ | संघीय सरकारको समपुरक | ४२ लाख |
| | संघीय सरकारको राजस्व बाँडफाँड | ६ करोड ७३ लाख ५५ हजार |
| **संघीय सरकारको जम्मा : ४० करोड २ लाख ५५ हजार** | | |
| | **प्रदेश सरकार तर्फ** | |
| ५ | प्रदेश सरकार वित्तिय समानीकरण | ४६ लाख ५१ हजार |
| ६ | प्रदेश सरकार शर्शत अनुदान | ८५ लाख ४४ हजार |
| ७ | प्रदेश सरकार विशेष अनुदान | ६० लाख |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | १ करोड ५० लाख |
| ९ | प्रदेश सरकारको राजस्व बाँडफाँड | ५६ लाख १५ हजार |
| **प्रदेश सरकारको जम्मा ३ करोड ९८ लाख १० हजार** | | |
| | **जम्मा** | |
| | **गाउँपालिका आन्तरिक आय** | |
| | **आन्तरिक आय** | **४० लाख** |
| | **लागत साझेदारी** | **६० लाख** |
| | **कुल जम्मा आय : ४५ करोड ६५ हजार** | |

**खर्च व्यय तर्फ**

चालु खर्च : ३३ करोड १५ लाख ६३ हजार

पुँजीगत खर्च : ११ करोड ८५ लाख २ हजार

**जम्मा : ४५ करोड ६५ हजार**

## नीति तथा कार्यक्रम र बजेटले समावेश गरेको मुख्य जनउत्तरदायी कृयाकलापहरु

१. पारदर्शीता जवाफदेहीता सहित जनउत्तरदायी स्थानीय सरकार बन्न जनतासँग गाउँपालिका कार्यक्रम

२. जेष्ठ नागरिकसँग गाउँपालिका कार्यक्रम

३. विद्यार्थीसँग गाउँपालिका कार्यक्रम

४. संचारकर्मीसँग गाउँपालिका कार्यक्रम

५. बालबालिकासँग गाउँपालिका कार्यक्रम

६. कृषकसँग गाउँपालिका कार्यक्रम आमासँग गाउँपालिका कार्यक्रम

७. आमासँग गाउँपालिका कार्यक्रम

८. खेलाडीसँग गाउँपालिका कार्यक्रम

९. अपाङ्गसँग गाउँपालिका कार्यक्रम

१०. एक घर एक करेसाबारी कार्यक्रम

११. एक बड़ा एक पर्यटकीय स्थल कार्यक्रमः

१२. एक बड़ा एक हेलिप्याड निर्माण कार्यक्रम

१३. प्रविधिमैत्री स्थानीय सरकार

१४. गाउँपालिकाको समग्र क्षेत्रको विवरण सहितको मासिक ई बुलेटिन प्रकाशन

१५. पानीको मुहान संरक्षण र वातावरण संरक्षणको लागि पुनर्भरण पोखरी निर्माण

१६. कृषकहरुलाई विभिन्न अनुदानका कार्यक्रम

१७. उद्यमी सृजना गरी स्वरोजगार र रोजगारका कार्यक्रम

१८. जनउत्तरदायी कर्मचारी र जनप्रतिनिधिको सुनिश्चितता

१९. कर्मचारीको तलवमानमा मासिक २००० वृद्धि

२०. निःशुल्क कृतिम गर्भाधारण कार्यक्रम

२१. महिलास्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँपालिकाबाट थप मासिक १००० रकम प्रोत्साहन ग वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई गाउँपालिकाबाट भत्ता

२२. ग वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई गाउँपालिकाबाट भत्ता

२३. बालविकास सहयोगि कार्यकर्ता विद्यालय शिक्षक तथा कर्मचारीहरुलाई उत्प्रेरित बनाउन आवश्यक

२४. मासिक समीक्षा गोष्ठी संचालन

२५. अपुरा योजनाहरु सम्पन्न गर्ने

२६. खरको छानामुक्त गाउँपालिका घोषणा गर्ने

२७. दिर्घरोगीहरुलाई निशुल्क औषधी उपलब्ध गराउने

२८. गाउँपालिकाको बाँझो जमिनलाई उपभोग गर्न भूमि बैंकको स्थापना

२९. रैथाने बालिको संरक्षणमा प्रोत्साहन अनुदान

३०. नागरिकले अनुभूत हुने गरी भौतिक पूर्वाधार, आर्थिक, सामाजिक र सुशासन सम्बन्धीका कार्यक्रम योजना सञ्चालन गर्ने

**बजेटमा समाबेश भएका योजना तथा कार्यक्रमका अनूसूचीहरु**

गुल्मीदरबार गाउँपालिका

बार्षिक विकास कार्यक्रम

आ.व. ०७८/०७९

१० आर्थिक विकास

संकेत नः १०१०

**कृषि**

रु. हजारमा

| क्र.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | | कृषि र पशु | १ | | २०० | | | | | | |
| २ | | कृषि | २ | | ५०० | | | | | | |
| ३ | | कृषक सम्मान | ४ | | ५० | | | | | | |
| ४ | | कृषि औजार तथा बिउबिजन | ४ | | २०० | | | | | | |
| ५ | | बाँसपाटा हरियाली कृषि तथा पशुपालन फर्म अनुदान | ५ | | ५० | | | | | | |
| ६ | | विष्णु कृषि तथा पशुपालन फर्म अनुदान | ५ | | ५० | | | | | | |
| ७ | | रोशन भेडा फर्म अनुदान | ५ | | ५० | | | | | | |
| ८ | | अमर अर्वथोक पशुपालन फर्म अनुदान | ५ | | १०० | | | | | | |
| ९ | | बर्मेली कृषि तथा पशुपालन फर्म अनुदान | ५ | | १०० | | | | | | |
| १० | | प्लास्टीक टनेल ५०% अनुदान साविक वड़ा नं. २ | ७ | | ८० | | | | | | |
| ११ | | माटो जाँच्ने उपकरण खरिद | गा.पा. | | २०० | | | | | | |
| १२ | | प्लास्टिक टनेल एवं मल्चिङ्ग प्लास्टिक ५० प्र.अनुदान | गा.पा. | | २५० | | | | | | |
| १३ | | कृषकसंग गाउँपालिका कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| १४ | | पालिका कोसेली घर संचालन | गा.पा. | | २०० | | | | | | |
| १५ | | प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) प्रवर्धन कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| १६ | | रैथाने बाली संरक्षण कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| १७ | | खाद्यान्न बाली विज वृद्धि कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| १८ | | एक घर एक करेसाबारी कार्यक्रम | गा.पा. | | ३०० | | | | | | |
| १९ | | तरकारी बाली विज वृद्धि कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| २० | | मौरी श्रोत केन्द्र स्थापना कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| २१ | | व्यवसायीक नर्सरी स्थापना कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| २२ | | अध्यक्ष कृषक सम्मान कार्यक्रम | गा.पा. | | १५० | | | | | | |
| २३ | | मल्चिङ्ग तथा थोपा सिंचाई प्रविधि प्रदर्शन कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| २४ | | कृषि सम्बन्धी तालिम | गा.पा. | | १५० | | | | | | |
| २५ | | सिंचाई पोखरीका लागि प्लास्टिक खरिद (५०% अनुदान) | गा.पा. | | १५० | | | | | | |
| २६ | | बाँझो जग्गा खेती अनुदानको कार्यक्रम | गा.पा. | | ७०० | | | | | | |

| क्र.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| २७ | | कृषि सम्बन्धी कार्यक्रमहरुको अनुगमन | गा.पा. | | ५० | | | | | | |
| २८ | | प्लान्ट क्लिनिक संचालन | गा.पा. | | ५० | | | | | | |
| २९ | | बालि काटानी तथा तथ्याङ्क अध्यावधिक | गा.पा. | | ५० | | | ५० | | | |
| ३० | | कृषि पशुपन्छी अधिकृत जनशक्ति सेवा करार | गा.पा. | | ४९४ | | | ४९४ | | | |
| जम्मा | | | | | ४९२४ | | | | | | |

संकेत नः १०२०

**उधोग तथा बाणिज्य** रु. हजारमा

| क्र.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| | | | | | | | | | | | |

संकेत नं. १०३०

**पशु** रु. हजारमा

| क्र.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानाय तह | | |
| १ | | पशु औषधी खरिद | ३ | | २५ | | | | | | |
| २ | | कृत्रिम गर्भाधान ब्यबस्थापन | गा.पा. | | २०० | | | | | | |
| ३ | | अगुवा कृषकका लागी पशुपालन तालीम | गा.पा. | | १०० | | | | | | |
| ४ | | आकस्मीक रोग नियन्त्रण | गा.पा. | | १०० | | | | | | |
| ५ | | पशु कार्यक्रम अनुगमन | गा.पा. | | ५० | | | | | | |
| ६ | | भकारो सुधार ५० प्रतिशत अनुदान कार्यक्रम | गा.पा. | | २०० | | | | | | |
| ७ | | व्यवसायिक दुग्ध उत्पादन अनुदान कार्यक्रम | गा.पा. | | २०० | | | | | | |
| ८ | | रागो ५० प्रतिशत अनुदान कार्यक्रम | गा.पा. | | १५० | | | | | | |
| ९ | | पशुपन्छी औषधी खरीद | गा.पा. | | ४०० | | | | | | |
| १० | | घास बीउ खरिद | गा.पा. | | ५० | | | | | | |
| ११ | | मत्स्य विकास कार्यक्रम | गा.पा. | | ५० | | | | | | |
| जम्मा | | | | | १५२५ | | | | | | |

संकेत नः १०४०

| क.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |

**पर्यटन**

रु. हजारमा

| क.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | | पर्यटन प्रबर्द्धन कार्यक्रम | गा.पा. | | १०००० | | | | | | |
| **जम्मा** | | | | | १०००० | | | | | | |

संकेत नं. १०३०

**वित्तिय क्षेत्र**

रु. हजारमा

| क.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| | | | | | | | | | | | |

संकेत नं. १०६०

**विशेष अनुदान**

रु. हजारमा

| क.सं. | शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम | गा.पा. | | ३९०० | | | ३९०० | | | |

गुल्मीदरबार गाउँपालिका

बार्षिक विकास कार्यक्रम

आ.व. ०७८/०७९

२० सामाजिक विकास

संकेत नः २०१०

**शिक्षा**

रु. हजारमा

| शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | आन्तरिक श्रोत | श्रोत: अन्तसरकारी वित्तिय हस्तान्तरण: नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | ऋण | जनसहभागीता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा | १ | | ९४० | | | | | | |
| २ | शिक्षा | २ | | ५०० | | | | | | |
| ३ | म्यालपोखरी मा.वि. सञ्चालन अनुदान | ३ | | १५० | | | | | | |
| ४ | राजा रुन्खा मा.वि. सञ्चालन अनुदान | ३ | | १५० | | | | | | |
| ५ | माईकास्थान प्रा.वि. सञ्चालन अनुदान | ३ | | ५० | | | | | | |
| ६ | स्वामी पोखरी प्रा.वि. सञ्चालन अनुदान | ३ | | ५० | | | | | | |
| ७ | सरस्वती प्रा.वि.मर्मत | ४ | | ८० | | | | | | |
| ८ | शारदा मा.वि. सचालन अनुदान | ५ | | ५०० | | | | | | |
| ९ | हटिया मा.वि. सचालन अनुदान | ५ | | २०० | | | | | | |
| १० | ज्ञानोदय मा.वि.. साचालन अनुदान | ५ | | १०० | | | | | | |
| ११ | ईश्वरी मा.वि संचालन अनुदान | ६ | | ४०० | | | | | | |
| १२ | गंगा आधारभुत संचालन अनुदान | ६ | | २०० | | | | | | |
| १३ | शिशुकल्याण बाल विकास सचालन | ६ | | १०० | | | | | | |
| १४ | ठुलोपोखरा मा.वि. सञ्चालन अनुदान | ७ | | १००० | | | | | | |
| १५ | आधारभुत तह १-५ को मुख्य विषयको तालिम संचालन | गा.पा. | | २०० | | | | | | |
| १६ | कक्षा ६-१० को मुख्य ५ विषय को तालिम कम्प्यूटर सहित | गा.पा. | | २५० | | | | | | |
| १७ | गा.पा स्तरिय खेलकुद शिक्षक व्यवस्थापन पोशाक समेत | गा.पा. | | ३०० | | | | | | |
| १८ | प्रधानाध्यापक मासिक बैठक व्यवस्थापन | गा.पा. | | २५० | | | | | | |
| १९ | बालविकास स.का. तालिम २ दिने | गा.पा. | | १५० | | | | | | |
| २० | शैक्षिक क्यालेन्डर निर्माण | गा.पा. | | १०० | | | | | | |
| २१ | बालविकास सहजकर्ता प्रोत्साहन | गा.पा. | | २०० | | | | | | |
| २२ | विषयगत शिक्षक बैठक | गा.पा. | | १०० | | | | | | |
| २३ | वि.व्य.स. अध्यक्ष र प्र.अ हरुका लागी विद्यालय व्यवस्थापन सम्वन्धि तालिम | गा.पा. | | १५० | | | | | | |
| २४ | विद्यालय कर्मचारी प्रोत्साहन | गा.पा. | | १०० | | | | | | |
| २५ | विद्यालय समायोजन कार्य व्यवस्थापन | गा.पा. | | ५० | | | | | | |

| शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | आन्तरिक श्रोत | श्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| २६ | शिक्षण सिकाइमा आइ.सि.टी.को प्रयोग सम्बन्धमा प्र.अ. र १ शिक्षकका लागि तालिम र | गा.पा. | | २०० | | | | | | |
| २७ | शिक्षा दिवश तथा विभिन्न कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| २८ | शिक्षा समिति र प्र.अ. हरुबाट नमूना विद्यालय भ्रमण | गा.पा. | | २०० | | | | | | |
| २९ | स्थानिय पाठयक्रम पाठ्यपुस्तक तथा पाठ्यसामाग्री विकास १-३ | गा.पा. | | २०० | | | | | | |
| ३० | गा.पा.का प्रतिभावान विद्यार्थीका लागी छात्रवृति | गा.पा. | | १०० | | | | | | |
| ३१ | विद्यार्थीसंग गाउँपालिका कार्यकम संचालन | गा.पा. | | २०० | | | | | | |
| ३२ | गा.पा. अनुदान शिक्षकका लागी पोशाक भत्ता | गा.पा. | | २५० | | | | | | |
| ३३ | उत्कृष्ट विद्यालय,प्र.अ. र शिक्षक छनौट तथा प्रोत्साहन | गा.पा. | | १५० | | | | | | |
| ३४ | अध्यक्ष नानीबाबु प्रतिभा प्रस्तुतीकरण कार्यक्रम | गा.पा. | | १०० | | | | | | |
| ३५ | अति विपन्न लक्षित समुहका बालबालिकाका लागि पाठ्यपुस्तक खरिद | गा.पा. | | २५० | | | | | | |
| **जम्मा** | | | | ८०२० | | | | | | |

| शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | आन्तरिक श्रोत | श्रोत | | | | जनसहभागीता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |

संकेत नः २०२०

**स्वास्थ्य**

रु.हजारमा

| शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | ऋण | जनसहभागीता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | स्वास्थ्य/लक्षित समुह | १ | | १०० | | | | | | |
| २ | जुभुङ्ग स्वास्थ्य चौकी अनुदान | २ | | १०० | | | | | | |
| ३ | गौडाकोट स्वास्थ्य चौकी अनुदान | ३ | | ५० | | | | | | |
| ४ | स्वास्थ्य स्वयंसेविका ब्यवस्थापन | ४ | | ६० | | | | | | |
| ५ | स्वास्थ्य संस्था प्रशासनिक खर्च | ६ | | ५० | | | | | | |
| ६ | स्वास्थ्य आमा समुह बैठक खाजा खर्च | ७ | | ७८ | | | | | | |
| ७ | दिर्घरोगिको लागि निःशुल्क औषधि उपचार कार्यक्रम | गा.पा. | | ५०० | | | | | | |
| ८ | कस्तो छ आमा कार्यक्रम | गा.पा. | | १००० | | | | | | |
| ९ | स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | गा.पा. | | २०० | | | | | | |
| १० | शिविर तथा सेटलाइट क्याम्प संचालन | गा.पा. | | २०० | | | | | | |
| ११ | बिद्यालय केन्द्रित साथि शिक्षा कार्यक्रम | गा.पा. | | १५० | | | | | | |
| १२ | स्वस्थ समाजका लागि जागरुक स्वास्थ्य आमा समुह एवं घर-घरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम | गा.पा. | | ४०० | | | | | | |
| १३ | प्राथमिक उपचारको लागि सामाग्री खरिद | गा.पा. | | १५० | | | | | | |
| १४ | म.स्वा.स्व.से. यातायात खर्च | गा.पा. | | ५०० | | | | | | |
| १५ | औषधी खरिद | गा.पा. | | ८०० | | | | | | |
| १६ | स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन मुल्याङ्कन तथा प्रोत्साहन कार्यक्रम | गा.पा. | | १०० | | | | | | |

| शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | आन्तरिक श्रोत | श्रोत | | | ऋण | जनसहभागीता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अन्तसरकारी वित्तिय हस्तान्तरण | | | | |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| जम्मा | | | | ४४३८ | | | | | | |

संकेत नं. २०३०

**खानेपानी तथा सरसफाई**

रु. हजारमा

| शीर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने वडा/स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तसरकारी वित्तिय | | | ऋण | जनसहभागीता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | खानेपानी सरसफाई | १ | | ७०० | | | | | | |
| २ | खानेपानी | २ | | ३०० | | | | | | |
| ३ | जलुकी खोला खा.पा.टंकी निर्माण | ३ | | ५० | | | | | | |
| ४ | निदुर धारापानी खा.पा योजना | ३ | | ७५ | | | | | | |
| ५ | राजा खा.पा ब्यवस्थापन | ३ | | १०० | | | | | | |
| ६ | विरमान खा.पा .टंकी निर्माण | ३ | | ५० | | | | | | |
| ७ | साहुखोला पुर्ख खा.पा मुहान संरक्षण | ३ | | ७५ | | | | | | |
| ८ | आरुपोखरा खा.पा .मुल संरक्षण | ३ | | ५० | | | | | | |
